नेपाली / ***NEPALI***

अक्टोबर १०, २०२२

*Partners in Giving* को रूपमा हामीले ५० वर्ष सम्म ख्याल राखेका छौँ !

आदरणीय सहकर्मीहरू,

विद्यार्थीहरूको घुइँचो, चिसो मौसम र सुन्दर पातहरूका साथसाथै, शरद ऋतुले क्याम्पसमा *UW–Madison* को वार्षिक *Partners in Giving* अभियानमा भाग लिने अवसर ल्याउँदछ, जुन हाम्रो क्याम्पसको मनोभावको एउटा महत्त्वपूर्ण स्वयंसेवा र उदारताको विस्कन्सिन परम्पराहरूको अभिव्यक्ति हो। *Partners in Giving*—राज्य, *UW* र *UW Health* कर्मचारीहरूको डेन काउन्टीको जोडिएको अभियानले हामी सबैलाई हाम्रो समुदायको ख्याल राख्ने अवसर प्रदान गर्दछ। अब यसको ५०औं वर्षमा, हामी *Partners in Giving* अभियानमा सहभागी भई ५०० भन्दा बढी स्थानीय, राज्य, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको अत्यावश्यक सेवा र परोपकारी कार्यमा धेरै आवश्यक सहयोग पुऱ्याउन आधा शताब्दीदेखि एकसाथ मिलेका छौँ। पछिल्लो आधा शताब्दीमा, यस अभियानले, गएको वर्षको लगभग २.१ मिलियन डलर सहित, सामूहिक रूपमा ८५ मिलियन डलर भन्दा बढी उठाएको छ।

यस वर्ष, हाम्रो *Partners in Giving* अभियानको विषयवस्तु "५० वर्ष सम्म ख्याल राखेको *(Caring for 50 years)*" हो, जुन यो उत्कृष्ट अभियानको महत्त्वपूर्ण घडी र योगदानकर्ताहरूले अरूको जीवनमा भिन्नता ल्याउने आफ्नो परोपकारी उपहारहरू मार्फत देखाएको ठूलो ख्यालको सम्मानजनक कारण हो। हाम्रो सामूहिक योगदानले एकदमै ठूलो प्रभाव पार्दछ।

परोपकारी योगदानको प्रभाव हामीले समर्थन गर्न चुनेका परोपकारी उद्देश्य र संस्थाहरूमा मात्र सीमित हुँदैनन्। योगदानले हामी सबैलाई सीधै प्रभाव पार्दछ, हाम्रो व्यक्तिगत मान्यताहरूलाई बलियो बनाएर मात्र होईन किनकि, यसले कृतज्ञता जगाउँदछ, हामीलाई राम्रो महसुस गराउँदछ (र अध्ययनहरूले सुझाव गरेका छन् कि यसले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यमा साँच्चै नै सुधार ल्याउन सक्दछ), सामुदायिक सम्बन्धको भावना बढाउँदछ र तपाईंलाई करमा लाभ पनि प्रदान गर्न सक्छ (आफ्नो कर व्यवसायीसँग परामर्श लिनुहोला)। योगदानको मूल्यले हामीलाई यी फाइदाहरू पाउन सहयोग गर्ने होईन—यो योगदान गर्ने कार्यले गर्ने हो! सहभागी हुन सक्नेहरूका लागि, कुनै पनि मूल्यको योगदानले सहयोग गर्नेछ—हरेक तलब पाउने अवधिमा मात्र १ डलर भएतापनि। यदि तपाईंले पैसाको योगदान गर्न सक्नुहुँदैन भने, आफ्नो समय र प्रतिभा योगदान गर्न सक्नुहुने तरिकाहरू खोज्नुहोला।




यो वर्षको अभियानको सक्रिय चरण अक्टोबर १० देखि नोभेम्बर ३० सम्म चल्नेछ तर योगदानहरू मे १५, २०२३ सम्म सम्भव र स्वागत छन्। हामी तपाईंलाई अन्लाईन प्रतिज्ञा गर्न प्रोत्साहित गर्दछौँ—यसो गर्न सजिलो र सुरक्षित हुन्छ। हुलाकबाट पठाईएका योगदानहरू पनि स्वीकार गरिन्छ। तपाईंले योगदान गर्न सक्नुहुने सबै तरिकाहरू बारे थप जानकारी यहाँ पाउनुहोला।

यो वर्षको नयाँ कुरा, तपाईंलाई नोभेम्बर ३० सम्म जारी हुने हरेक मङ्गलवार, नयाँ ९ भागको भर्चुअल परोपकारी खाजा र सिक्ने शृङ्खलामा *(Charity Lunch and Learn series)* निमन्त्रणा छ। स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रभाव पार्ने परोपकारी संस्थाहरूको तर्फका कुराहरू सुन्न भाग लिनुहोला।

हामी हाम्रो *UW–Madison* समुदायको अरूको ख्याल राख्न एकजुट हुन सक्ने क्षमताको निरन्तर कदर गर्दछौँ। तपाईंको योगदानहरूले सबैभन्दा जोखिममा परेकाहरूलाई ५० वर्षसम्म ख्याल राखेका छन् र तपाईंको निरन्तर उदारता र समर्थनले हामी अर्को ५० वर्षको प्रतीक्षा गर्दछौँ।

भवदीय,

John Karl Scholz
प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति

Rob Cramer
अर्थ र प्रशासनका उपकुलपति

*Partners in Giving को बारेमा प्रश्नहरू छन् वा सहयोगको आवश्यकता छ ? विश्वविद्यालय अभियान समन्वय समितिलाई सम्पर्क गर्नुहोला*